संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १५९
मिति २०७९/१२/०९
समयः बिहान ९: ०० बजे
प्रारम्भः बिहान ९: १० बजे
अन्त्यः बिहान ११: ३० बजे

छलफल तथा निर्णय :-

(१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७९/१२/०९ गते बसेको बैठकमा राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको कार्यान्वयन अवस्था र समितिले दिएका निर्देशन कार्यान्वयन प्रगति सम्बन्धमा छलफल भई देहाय बमाजिम निर्णय भयोः

(क) काठमाण्डौं-तराई/ मधेश द्रुतमार्ग सडक आयोजनाको समष्टिगत कार्ययोजना बमोजिम जम्मा ११ वटा प्याकेजहरु मध्ये प्याकेजहरु ८,९,१० को सम्बन्धमा खरिद व्यवस्थापन तथा निर्माण कार्यमा ढिलाई भएको देखिएकोले आवश्यक प्रकृया पुर्‍याई अविलम्ब निर्माण कार्य अगाडि बढाउन रक्षा मन्त्रालय र सम्बन्धित आयोजनालाई निर्देशन दिने।

(ख) समितिको मिति २०७६।२।१४, मिति २०७९।३।३२ मा ललितपुर खोकना तथा बुङमति क्षेत्रको जग्गा प्राप्ति सम्बन्धी समस्या समाधान गर्न निर्देशन दिएकोमा हालसम्म पनि उक्त आयोजनाको खोकना तथा बुङमति क्षेत्रको जग्गा प्राप्ति हुन नसकेको कारण ठेक्का व्यवस्थापनको प्रकृया शुरु हुन नसकेको सन्दर्भमा स्थानीय जनता, स्थानीय जनप्रतिनिधि लगायत सरोकार पक्ष र निकायको समन्वय र संलग्नतामा आवश्यक संवाद, छलफल, अध्ययन र अनुगमन गरी अविलम्ब जग्गा प्राप्ति सम्बन्धी समस्या समाधान गरी आयोजनाको निर्माण कार्य सुचारु गर्न प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, रक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।

(२) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))
सभापति